**भारतीय राजदूतावास**

**काठमाडौं**

****

# प्रेस विज्ञप्ति

## नेपालको सुदूरपश्चिम प्रदेशको बैतडीमा उच्च प्रभाव सामुदायिक विकास परियोजनाको उद्घाटन

भारत सरकारको आर्थिक सहयोगमा सुदूरपश्चिम प्रदेशको बैतडी जिल्लाको पाटन नगरपालिका-४ मा निर्मित श्री भूमेश्वर माध्यमिक विद्यालयको विद्यालय भवनको उद्घाटन आज काठमाडौंस्थित भारतीय राजदूतावासका प्रथम सचिव श्री नारायण सिंह र पाटन नगरपालिकाका मेयर श्री गौरी सिंह रावलले संयुक्त रूपमा गर्नुभयो ।

२. विद्यालय भवन र अन्य सम्बद्ध संरचनाहरूको निर्माण उच्च प्रभाव सामुदायिक विकास परियोजनाको रुपमा अघि बढाइएको थियो जसको कार्यान्वयन पाटन नगरपालिका, बैतडी मार्फत गरिएको थियो ।

३. पाटन नगरपालिका-४ मा अवस्थित श्री भूमेश्वर माध्यमिक विद्यालयको स्थापना सन् १९५१ मा भएको थियो । सो विद्यालयलाई सरकारले सन् २०११ मा प्लस टु तहमा स्तरोन्नति गरेको थियो । हाल यस विद्यालयमा ३०० विद्यार्थीहरू अध्ययनरत छन् ।

४. पाटन नगरपालिकाका मेयर, विद्यालय व्यवस्थापन तथा अन्य सरोकारवालाहरूले भारत सरकारले प्रदान गर्दै आएको विकास सहयोगको प्रशंसा गर्नुभयो । वहाँहरूले नयाँ पूर्वाधारले यस क्षेत्रको शैक्षिक पूर्वाधारलाई थप सुदृढ बनाउन मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

५. नजिकको छिमेकी भएको नाताले भारत र नेपालबीच व्यापक र बहुक्षेत्रीय सहकार्य रहँदै आएको छ । उच्च प्रभाव सामुदायिक विकास परियोजनाको कार्यान्वयनले भुईंतहमा प्राथमिकताका क्षेत्रहरुमा पूर्वाधारको विस्तार गर्नुका साथै नेपाल सरकारले चालेका विकासका प्रयासहरुलाई सुदृढ बनाउन भारत सरकारको निरन्तर सहयोगलाई प्रतिबिम्बित गरेको छ ।

काठमाडौं

२०८२ माघ १